# आकाशवाणी समाचार- नेपाली

मितिः २८ जुन २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- उपराष्ट्रपति जगदीप धनखड़ले कुनै पनि संविधानको प्रस्तावना यसको आत्मा रहेको बताउनुभएको छ।
- केन्द्रीय गृह मंत्री अमित शाह आज तेलंगानाको निजामाबाद मा राष्ट्रीय हल्दी बोर्ड को उद्धाटन गर्नुहुनेछ।
- प्रधानमन्त्री नरेन्द्र मोदीले आज आकाशवाणीबाट मन की बात कार्यक्रममा देश विदेशका जनतासित आफ्नो विचार साझा गर्नुहुनेछ।
- बिहारका छ नगर पञ्चायतहरूमा आम चुनाव र ३६ अन्य नगर निकायहरूमा उपचुनावको मतदान हिज शान्तिपूर्ण रूपमा सम्पन्न भयो।
- महिला क्रिकेटमा भारतले पांच टी.ट्वेंटी क्रिकट मैचहरुका श्रृंखला को पहिलो मैच मा हिज इंग्लैंडलाई ९७ रनले पराजित गरेको छ।
- मौसम विभागले देशको धेरै भागहरुमा आज भारी वर्षा हुन सक्ने अनुमान व्यक्त गरेको छ।

**उपराष्ट्रपति-प्रस्तावना**

उपराष्ट्रपति जगदीप धनखड़ले कुनै पनि संविधानको प्रस्तावना नै यसको आत्मा भएको र यसलाई परिवर्तन गर्न नसकिने बतउनु भएको छ । उहाले भारतबाहेक कुनै पनि देशको संविधानको प्रस्तावना परिवर्तन नगरिएको बतउनु भयो । नयाँ दिल्लीमा एक पुस्तक विमोचन समारोहलाई सम्बोधन गर्नु हुदै श्री धनखड़ले भन्नु भयो कि प्रस्तावना त्यो आधार हो जसमा संविधान विकसित भएको छ, तर दुःखको कुरा, यो आपतकालको समयमा परिवर्तन गरिएको थियो जब मानिसहरू लगभग दास थिए। संकटकालको समयमा प्रस्तावना मा समाजवादी, धर्मनिरपेक्ष र अखण्डताजस्ता शब्द हरू थप्नु संविधान निर्माताहरूको सोचाइमाथि विश्वासघात भएको धनखड़ले बतउनु भयो। उहाले अझ भन्नु भयो 'यो हजारौं वर्षदेखि यस देशको सभ्यतागत सम्पत्ति र ज्ञानलाई अवमूल्यन गर्नु बाहेक अरु केही होइन ।

अम्बेडकरको सन्देशको समकालीन सान्दर्भिकतामा जोड दिँदै डा.अम्बेडकरको सन्देश ठूलो उपलब्धि भएको तथा अम्बेडकर जनताको हृदयमा बस्छन् र उनको सन्देश आज पनि देशवासीका लागि सान्दर्भिक रहेको श्री धनखड़ले बतउनु भयो ।

**अमित शाह गुजरात**

केन्द्रीय गृह तथा सहकारी मन्त्री अमित शाहले गुजरातको अहमदाबाद जिल्लाको अदरोदा गाउँमा विभिन्न कार्यहरूको उद्धाटन गर्नु भयो। जसअन्तर्गत एडीसी बैंक, सेवा सहकारी मण्डल र सामुदायिक हलको उद्धाटन गरिएको थियो। यस अवसरमा श्री शाहले सानन्द गुजरात औद्योगिक विकास निगम - जीआईडीसीले सानन्द विधानसभा क्षेत्रका ५४ गाउँहरूमा आधारभूत सुविधाहरू प्रदान गर्ने बताउनु भयो । यसअघि, श्री शाहले पञ्चमहल जिल्लाको गोधरास्थित श्री गोविन्द गुरु विश्वविद्यालयमा

नवनिर्मित उत्कृष्टता केन्द्र, मियावाकी विधिद्वारा वृक्षारोपण र जलाशय तथा खेलकुद परिसर सहित विभिन्न परियोजनाहरूको भर्चुअल रूपमा उद्घाटन र शिलान्यास गर्नु भयो।

**प्रधानमन्त्री - मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहान ११ बजे आकाशवाणीमा मन की बात कार्यक्रममा देश र विदेशका जनतासँग आफ्ना विचार साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको १२३ औं एपिसोड हुनेछ। यो कार्यक्रम आकाशवाणी र दूरदर्शनको सम्पूर्ण नेटवर्क, आकाशवाणी समाचार वेबसाइट newsonair.gov.in र मोबाइल एप NewsOnAIR मा प्रसारण गरिनेछ। यो कार्यक्रम आकाशवाणी समाचार, डीडी समाचार, पीएमओ र सूचना तथा प्रसारण मन्त्रालयको युट्युब च्यानलहरूमा पनि प्रत्यक्ष प्रसारण गरिनेछ। हिन्दी प्रसारण पछि, कार्यक्रम अल इन्डिया रेडियोबाट क्षेत्रीय भाषाहरूमा पनि प्रसारण गरिनेछ।

**प्रधानमंत्री - शुभांशु शुक्ला**

प्रधानमन्त्री नरेन्द्र मोदीले ग्रुप क्याप्टेन शुभांशु शुक्लासँग अन्तरिक्ष केन्द्रमा बातचित गर्नु भयो।श्री मोदीले भन्नु भयो तपाई भारतबाट धैरै टाढा हुनु हुन्छ, तर तपाई करोडौं भारतीयहरूको हृदयको धैरै नजिक हुनुहुन्छ। तपाईंको यात्राले नयाँ युगको सुरुवात गरेको छ। श्री मोदीले भन्नुभयो कि परिक्रमा भारतको अत्यनतै पुरानो परम्परा हो र तपाईले पृथ्वी माताको परिक्रमा गर्ने यो दुर्लभ अवसर पाउनुभएको छ। उहाले क्याप्टेन शुक्लालाई उनको मिसनका लागि हार्दिक शुभकामना र बधाई दिएका थिए। बाइट-प्राइम मिनिस्टर- से।

ग्रुप क्याप्टेन शुभांशु शुक्लाले भारतको प्रतिनिधित्व गर्न पाएकोमा आफू गौरवान्वित रहेको बतउनु भएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीसँग आफ्नो अनुभव साटासाट गर्दै क्याप्टेन शुक्लाले भन्नु भयो , 'बाल्यकालमा आफूले अन्तरिक्ष यात्री बन्न सक्छु भनेर कहिल्यै सोचेको थिइनँ।, 'आजको भारतले प्रधानमन्त्रीको नेतृत्वमा जनतालाई आफ्नो सपना साकार पार्ने अवसर दिइरहेको छ।

**बाइट - शुभांशु शुक्ला- से।**

ग्रुप क्याप्टेन शुभांशु शुक्लाअन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनमा पुग्ने पहिलो भारतीय भएको बताउनु हुदै प्रधानमन्त्री मोदीले पृथ्वीमा उनको गहन तयारी र अन्तरिक्ष स्टेशनको वास्तविक अवस्थाबीचको भिन्नताबारे पनि प्रश्न सोध्नु भएको थियो। श्री शुक्लाले शून्य गुरुत्वाकर्षण र प्रयोगको प्रकृतिको बारेमा पहिल्यै थाहा हुँदाहुँदै पनि पृथ्वीको कक्षमा वास्तविकता पूर्णतया फरक रहेको बतउनु भयो । पानी पिउने वा सुत्ने जस्ता सामान्य क्रियाकलापपनि अन्तरिक्षमा चुनौतीपूर्ण रहेको उहाले बताउनु भयो।

ग्रुप क्याप्टेन शुक्लाले प्रशिक्षणका क्रममा आफूले धैरै कुरा सिकेको बतउनु भयो बताए। उहाँहरुको भ्रमण सम्पूर्ण देश को लागि सामूहिक उपलब्धि हो। उनले युवाहरूलाई आकाशको कुनै सीमा नभएको बताए। भारतले द्रुत गतिमा प्रगति गरिरहेको छ र एक दिन भारतको अन्तरिक्षमा आफ्नै स्टेशन हुनेछ। क्याप्टेन शुक्लाले भारतलाई पहिलो पटक अन्तरिक्षबाट हेर्दा त्यो नक्साभन्दा निकै भव्य र ठूलो देखिएको बतउनु भयो।

भारतीय अन्तरिक्ष यात्री शुभांशु शुक्लालाई लिएर अमेरिकाको फ्लोरिडास्थित केनेडी स्पेस सेन्टरबाट एक्सियम–४ मिसन प्रक्षेपण गरिएको थियो। क्याप्टेन शुक्ला अन्तरिक्षमा जाने दोस्रो भारतीय हुन्। त्यसको चार दशकअघि सन् १९८४ मा विंग कमान्डर राकेश शर्माले सोभियत मिसनअन्तर्गत अन्तरिक्षयात्रा गरेका थिए।

**कोलकाता-रेप**

पश्चिम बङ्गालमा कोलकाता ल कलेज बलात्कार प्रकरणका चौथो अभियुक्त पक्राउ परेका छन्। ल कलेजका सुरक्षा गार्डलाई हिजो हिरासतमा लिइएको थियो। गत जुन २५ मा साउथ कोलकाता ल कलेजको गार्ड रुममा दुई विद्यार्थी र एक पूर्व विद्यार्थीले २४ वर्षीया युवतीलाई बलात्कार गरेका थिए। पुलिसले मुख्य आरोपी मनोजित मिश्रा, प्रमित मुखर्जीअनि और जैद अहमदलाइ पक्राव गरेको छ। घटनालाई लिएर बढ्दो आक्रोशका बीच कोलकाता पुलिसले सहायक आयुक्तको नेतृत्वमा पाँच सदस्यीय विशेष अनुसन्धान टोली गठन गरेको छ।उक्त घटनालाई लिएर भाजपाले कलेजसम्म निकालेको विरोध र्याली फिर्ता लिएपछि तनाव बढेको थियो। पश्चिम बङ्गालभाजपाका अध्यक्ष सुकान्त मजुमदार र अन्य केही नेतालाई पुलिसले हिरासतमा लिएको छ। भारतीय जनता पार्टी (भाजपा) ले सरकारले क्याम्पसको सुरक्षा सुनिश्चित गर्न नसकेको आरोप लगाउँदै दोषीमाथि

तत्काल कारबाहीको माग गरेको छ ।भारतीय जनता पार्टी (भाजपा) का राष्ट्रिय अध्यक्ष जेपी नड्डाले चार सदस्यीय समिति गठन गरेका छन्। समितिमा सांसदद्वय विप्लवकुमार देब र मननकुमार मिश्र तथा पूर्वसांसदसत्यपाल सिंह र मीनाक्षी लेखी सदस्य रहेको पार्टी प्रवक्ता संबित पात्राले जानकारी दिएका छन् ।

**बिहार-मतदान**

बिहारका छ नगर पञ्चायतहरूमा आम चुनाव र ३६ अन्य नगर निकायहरूमा उपचुनावको मतदान हिज शान्तिपूर्ण रूपमा सम्पन्न भयो। राज्य निर्वाचन आयोगका अनुसार मतदानमा लगभग ६२.४१ प्रतिशत मतदाताले मतदान गरेका थिए। यस चुनावमा बिहारले मोबाइल फोन एप्लिकेसन मार्फत ई-भोटिंग प्रणाली सफलतापूर्वक सञ्चालन गरेको छ। आकाशवाणी समाचारसँग कुरा गर्दै राज्य निर्वाचन आयुक्त दीपक प्रसादले ई-भोटिंग मार्फत मतदाता ७० प्रतिशतभन्दा बढी रहेको बताए। श्री प्रसादले मतदान केन्द्रहरूमा भन्दा बढी मतदाताहरूले आफ्नो मताधिकार प्रयोग गर्न अगाडि आएको बताए। मतदान केन्द्रहरूमा ५४.६३ प्रतिशत मतदान भएको थियो।राज्य निर्वाचन आयुक्त १, सदस्य दीपक प्रसाद, सदस्य दीपक प्रसाद
बिहारमा नगरपालिका चुनावमा ई-भोटिंगको सफल कार्यान्वयनले भविष्यमा मतदान प्रक्रियामा क्रान्तिकारी सुधारको बाटो खोलेको बताए।S/B दीपक प्रसाद, राज्य निर्वाचन आयुक्त २प्रमुख पार्षद, उपप्रमुख पार्षद र नगरपालिका निकायका अन्य पदका लागि कुल ५३८ उम्मेदवारहरूको चुनावी भाग्य आज ईभीएममा छापिएको छ। मतगणना जुन ३० मा हुनेछ।

**मौसम**

मौसम विभागले उत्तराखंड अनि उत्तर प्रदेशका सुदूर्वर्ती क्षेत्रहरुमा भारी वर्षा हुने अनुमान व्यक्त गरेको छ। विभाग अनुसार बिहार, गांगेय पश्चिम बंगाल, हरियाणा, चंडीगढ, दिल्ली, हिमाचल प्रदेश, झारखंड, कोंकण, गोआ, मध्य महाराष्ट्र, ओडिशा, पंजाब, सौराष्ट्र, कच्छ, उत्तर प्रदेश अनि उत्तराखंडका केही स्थानहरुमा आज भारी वर्षा हुन सक्ने अनुमान पनि विभागले व्यक्त गरेको छ। कोंकण, गोआ, मध्य महाराष्ट्र अनि गुजरातका तटीय क्षेत्रहरुमा पनि आगामी छह दिन यस्तै स्थिति रहने विभागले बताएको छ। मौसम विभागले देश को पश्चिमी, उत्तर पश्चिमी अनि उत्तर पूर्वी भागमा हल्का देखि मध्यम वर्षाको संभावना पनि व्यक्त गरेको छ।

**क्रिकेट**

महिला क्रिकेटमा भारतले पांच टी-ट्वेंटी क्रिकट मैचहरुको श्रृंखला को पहिलो मैच मा हिज राती नॉटिंघम मा इंग्लैंडलाई 97 रनले पराजित गरेको छ। पहिला ब्याटिंग गर्दै भारतले निर्धारित बीस ओवर मा पांच विकेट गुमाएर 2 सय 10 रन बनाएको थियो। जसको जवाब मा इंग्लैंडको टिम चौदह ओवर अनि पांच बलमा 1 सय 13 रन बनाएर अल आउट बन्यो। भारतको तर्फबाट स्मृति मंधानाले 62 बलमा 1 सय 12 रन बनाए। जुन चाहिँ टी-ट्वेंटी क्रिकट मैच मा मंधानाको पहिलो शतक हो। हरलीन देवलले पनि 43 रन को योगदान पुर्याए। इंग्लैंडको लॉरन बेलले तीन विकेट लिए भने नाट शिवर बेंटले 42 बलमा 66 रन बनाए। भारतको श्री चरणीले ईंगल्याण्डको चार खेलाडीलाई आउट बनाए। स्मृति मंधानालाई आफ्नो असल शतकको लागि प्लेयर ऑफ द मैच घोषित पनि गरियो।